# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ११४ | काठमाडौं | शुक्रबार, ३० साउन २०८२ | Prabhab National Daily | Friday, 15 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## रास्वपाका नेता मोहन थापा अमेरिकाबाट 'डिपोर्ट'



- कतारबाट अमेरिका जाँदै गर्दा गत फागुनमा पेन्सलभेनियाको विमानस्थलबाट पक्राउ परेका थापालाई यसै हप्ता अमेरिकाले देश निकाला गरेको हो
- साउन २२ मा काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएका उनलाई विमानस्थल अध्यागमन कार्यालयले प्रहरीको मानव बेचबिखन ब्युरोमा पठाएको थियो
- उनको फेसबुकको पछिल्लो अपडेटअनुसार फेब्रुअरी १६ मा दोहामा रास्वपाको प्रवास नेपाली सम्पर्क विभाग कतारको भेटघाट कार्यक्रममा सहभागी भएर अमेरिकाका उडेका थिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टीका पूर्व केन्द्रीय सदस्य अमेरिकाले डिपोर्ट गरेको छ । कतारबाट अमेरिका जाँदै गर्दा गत फागुनमा पेन्सलभेनियाको विमानस्थलबाट पक्राउ परेका थापालाई यसै हप्ता अमेरिकाले डिपोर्ट गरी नेपाल पठाएको हो ।

साउन २२ मा काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएका उनलाई विमानस्थल अध्यागमन कार्यालयले प्रहरीको मानव बेचबिखन ब्युरोमा पठाएको थियो । ब्युराले भने आवश्यक प्रक्रिया पुरा गरी थापालाई छाडेको जनाएको छ । 'साउन २२ गते उहाँ आइपुग्नु भएको हो । नेपालमा कुनै केस नदेखिएपछि उहाँलाई फारम भर्न लगाएर घर पठाएका छौं,' ब्युरोका प्रमुख एसएसपी कृष्ण पंगेनीले भने ।

म्याग्दी घर भएका थापाको ग्रिनकार्ड अमेरिकी प्रशासनले खारेज गर्दै नेपाल फिर्ता पठाएको बताइएको छ । पक्राउ परेपछि उनलाई शुरुमा फिलाडेल्फिया संघीय हिरासत केन्द्रमा राखिएको थियो । थापा आफैले भने ब्युरोमा भरेको फारममा यसबारे उल्लेख गरेका छैनन् ।

रास्वपाका सभापति रवि लामिछानेका विश्वासपात्र मानिने उनी कतारमा आयोजित रास्वपाको कार्यक्रममा सहभागी हुँदै अमेरिका उडेका थिए । सोही क्रममा अमेरिकी आप्रवासन तथा भन्सार प्रवर्तन (आइस)ले पक्राउ गरी हिरासतमा राखेको थियो ।

आइस भनेको आप्रवासन कार्यवाही वा निर्वासनको पर्खाइमा रहेका व्यक्तिहरूलाई हिरासतमा राख्ने स्थान हो । थापा पक्राउ परेको खबर बाहिरिएसँगै रास्वपाले तत्कालै विज्ञप्ति जारी गरी पार्टीबाट अलग भइसकेको दाबी गरेको थियो ।

गत फागुन १८ गते विज्ञप्ति जारी गर्दै थापा अमेरिकामा पक्राउ परेको जानकारी आएको र उनले नेपालबाट जानुअघि नै पार्टीको जिम्मेवारीबाट अलग हुन चाहेको भनी निवेदन दिएको रास्वपाले दाबी गरेको थियो । 'रास्वपाका केन्द्रीय सदस्य मोहन थापा अमेरिकन इमिग्रेसनको हिरासतमा पर्नुभएको जानकारीमा आएको छ । मोहन थापाजीले यसअगावै आफूले केही व्यक्तिगत कानुनी प्रक्रियाहरू स्पस्ट र समाधान गर्नु छ र सो किनारा नलागेसम्मका लागि म केन्द्रीय सदस्यको जिम्मेवारीबाट बाहिर रहन' निवेदन दिएर जानुभएको थियो,' रास्वपाका तत्कालीन कार्यवाहक प्रवक्ता मनिष झाले विज्ञप्तिमार्फत भनेका थिए ।

रास्वपाका निष्काशित सांसद ढाकाकुमार श्रेष्ठले मन्त्री हुन पार्टी नेतृत्वलाई घुस खुवाउन भन्दै व्यापारी दुर्गा प्रसाईंसँग पैसा मागेको अडियो बाहिरिएपछि थापा पनि सोही विवादमा मुछिएका थिए ।

क्रमशः पृष्ठ २ मा

विद्यालय शिक्षा विधेयक

## पूर्णछात्रवृत्तिमा आवास र पोशाक सुविधा निजीलाई अमान्य



निजी विद्यालयहरूलाई गैरनाफामूलक बनाउने भन्ने छ, त्यो वाक्य हटाइनुपर्छ । अर्को पूर्णछात्रवृत्ति र आवासीय यी दुवैमा हाम्रो असहमति छ

■ आरबी कटुवाल
महासचिव, प्याब्सन



- पूर्ण छात्रवृत्तिमा निजी विद्यालयले आवास र पोशाक दिनेमा विवाद
- निजी विद्यालयलाई गैरनाफामूलक बनाउने कि नबनाउने भन्नेमा पनि विवाद
- विवादित विषय थाती राखेर प्रतिवेदन तयार

■ जेबी योञ्जन

**काठमाडौं–** महेन्द्रकालीन शिक्षा नीतिलाई संघीय व्यवस्थाअनुकूल बनाउन अघि बढाइएको विद्यालय शिक्षा विधेयक संसदीय समितिमै अड्किएको छ । संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पूर्ण छात्रवृत्तिमा निजी विद्यालयले आवास र पोशाकको व्यवस्था गर्ने कि नगर्ने भन्नेमा विवाद हुँदा विधेयक पारित हुन सकेको छैन ।

सांसदहरू आवास र पोशाकको व्यवस्था पूर्ण छात्रवृत्तिमा निजी विद्यालयले गर्नुपर्ने अडानमा छन् । निजी विद्यालयका सञ्चालकहरू भने सहमत छैनन् । उल्टै आन्दोलनको चेतावनी दिइरहेका छन् ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल(प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसियसन नेपाल(एन प्याब्सन), नेसनल प्याब्सन र उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल(हिसान)ले पूर्ण छात्रवृत्ति भन्ने शब्द विधेयकबाटै हटाउनुपर्ने माग गरेका छन् ।

हाल अभ्यासमा रहेको जम्मा विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिइनुपर्ने उनीहरूको माग छ । छात्रवृत्तिअन्तर्गत भर्ना शुल्क, वार्षिक शुल्क र मासिक पढाइ शुल्क कायम हुनुपर्ने भन्दै आएका छन् ।

प्याब्सन केन्द्रीय महासचिव आरबी कटुवालले यिनै माग राखेर आन्दोलन गर्ने चेतावनी दिएका छन् । 'निजी विद्यालयहरूलाई गैरनाफामूलक बनाउने भन्ने छ, त्यो वाक्य हटाइनुपर्छ । अर्को पूर्णछात्रवृत्ति र आवासीय यी दुवैमा हाम्रो असहमति छ,' महासचिव कटुवालले प्रभावसँग भने । यिनै विवादित यो विषयमा सहमति कायम गराउने दायित्व शिक्षा मन्त्रालयसहित परामर्श समन्वय उपसमितिको भएको छ । नेपाली कांग्रेस यसअघि देखि नै पूर्णछात्रवृत्तिमा आवासीय सुविधा नराख्ने पक्षमा उभिएको छ ।

क्रमशः पृष्ठ २ मा

### विवाद यथावत : प्रतिवेदन भने तयार

यहीबीच प्रतिनिधिसभा अन्तर्गतको शिक्षा समिति सचिवालयले विद्यालय शिक्षा विधेयकबारेको प्रतिवेदन तयार गरिसकेको छ । यही २२ साउनमा विवादित विषयलाई थाती राखेर प्रतिवेदन लेखनको जिम्मेवारी दिइएको थियो । समिति सचिव दशरथ धमालले प्रतिवेदन लेखनको काम सकिएको बताए ।

'विद्यालय शिक्षा विधेयकबारे समिति र उपसमितिको छलफलबाट टुंगो लागेका विषयहरूलाई समेटेर प्रतिवेदन लेख्ने काम सचिवालयले सकेको छ, विवादित विषय भने थाती राकियो,' सचिव धमलाले भने ।

प्रतिवेदनलाई परामर्श समितिको बैठक बसेर नमिलेको विषयमा टुंगो लगाएपछि समिति सदस्यहरूलाई अध्ययनका लागि प्रतिवेदन दिइने छ । समिति सदस्यहरूले प्रतिवेदन अध्ययन गरेपछि कुनै त्रुटि भएमा सच्याएर विधेयक समितिबाट पारित गरिनेछ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## इ–सेभेन भिसामा श्रमिक पठाउन अलमल

- सरकारले प्रक्रिया पूरा नगर्दा कामदारको माग ल्याउन नपाएको व्यवसायीको भनाइ
- कार्यविधि जारी गरिसक्यौं, अबको काम व्यवसायीले नै गर्ने हो– मन्त्रालय

■ प्रभाव संवाददाता

**काठमाडौं–** सीपयुक्त नेपाली श्रमिकलाई इ–सेभेन भिसामार्फत दक्षिण कोरिया पठाउनेसम्बन्धी कार्यविधि बनेको डेढ महिना बितिसक्दा पनि श्रमिक लैजाने प्रक्रिया भने सुरु भएको छैन ।

गत असार १३ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गणतन्त्र कोरियामा सीपयुक्त जनशक्ति पठाउनेसम्बन्धी कार्यविधि, २०८० को तेस्रो संशोधन सार्वजनिक गरेसँगै इजाजत प्राप्त संस्था (म्यानपावर)मार्फत कोरिया पठाउने बाटो खुलेको थियो । तर आवश्यक प्रक्रिया नपुग्दा मागपत्र प्रमाणीकरणलगायतका काम अघि बढाउन नपाएको व्यवसायीहरूले गुनासो गरेका छन् ।

मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरे भने सरकारले कार्यविधि बनाएर व्यवसायीलाई चाहिने पहुँच दिइसकेकाले बाँकी काम व्यवसायी आफैंले गर्नुपर्ने बताउँछन् । 'हामीले कार्यविधि बनाएका छौं । यसलाई कोरियाको कम्पनी र यहाँका म्यानपावरले पनि स्वीकार गर्नुपर्‍यो । यहाँका म्यानपावरले माग ल्याएर पठाउन सक्नुपर्‍यो । त्यो क्षमतामा निर्भर गर्ने कुरो हो,' उनले भने, 'सरकारले यो कार्यविधि पनि चाहिन्छ भनेर ल्याइदिसकेको छ । सरकारले दिने पूर्वाधार, फेम्समा पहुँच दिएको छ । अब के चाहियो र ?'



हामीले कार्यविधि बनाएका छौं । यसलाई कोरियाको कम्पनी र यहाँका म्यानपावरले पनि स्वीकार गर्नुपर्‍यो । यहाँका म्यानपावरले माग ल्याएर पठाउन सक्नुपर्‍यो । त्यो क्षमतामा निर्भर गर्ने कुरो हो ।

■ डण्डुराज घिमिरे
प्रवक्ता, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

### मन्त्रालयले पत्राचार गरेको छैन: व्यवसायी

मन्त्रालयले आफ्नोतर्फबाट पूरा गर्नुपर्ने प्रक्रिया पूरा गरेको दाबी गरे पनि हालसम्म कुनै पनि व्यवसायीले मागपत्र ल्याएका छैनन् । मन्त्रालयले यो कार्यविधि कार्यान्वयनका गर्न आवश्यक प्रक्रिया अघि बढाउनु भनेर सम्बन्धित निकायमा गर्नुपर्ने पत्राचार नगरेकाले काम रोकिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान महासचिव मेघनाथ भुर्तेलले बताए ।



कार्यविधि त बन्यो, यस्ता सयौं कार्यविधि मन्त्रालयले बनाउँछ । तर कार्यान्वयनमा आउन मन्त्रालयले यदि व्यवसायीले मागपत्र ल्याए भने कामकारबाही अगाडि बढाउनू भनेर विभाग र दूतावासलाई पत्राचार गर्नुपर्छ ।

■ मेघनाथ भुर्तेल
निवर्तमान महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

'कार्यविधि त बन्यो, यस्ता सयौं कार्यविधि मन्त्रालयले बनाउँछ । तर कार्यान्वयनमा आउन मन्त्रालयले यदि व्यवसायीले मागपत्र ल्याए भने कामकारबाही अगाडि बढाउनू भनेर विभाग र दूतावासलाई पत्राचार गर्नुपर्छ । त्यसपछि व्यवसायीले मागपत्र खोज्ने, ल्याउने गर्छन् । पत्राचार गर्ने काम भएको छैन,' उनले भने, 'अर्को कुरा मागपत्र ल्याइसकेपछि काम हुन्छ भन्ने सुनिश्चितता नभई मागपत्र ल्याउन मिलेन । नत्र उताका रोजगारदाता कम्पनी बिच्किन्छन् ।'

व्यवसायीहरू सरकारको पत्राचारको प्रतीक्षामा रहेको भुर्तेलले बताए । कोरियाको मागपत्र ल्याउन खाडीलगायत नियमितरूपमा काम गरिरहेका मुलुकभन्दा अप्ठ्यारो नै हुने भए पनि व्यवसायीको पहुँच रहेको उनले दाबी गरे । 'सरकारले सम्बन्ध कायम गरेका सबै मुलुकबाट मागपत्र ल्याउन व्यवसायी सक्षम छन्,' उनले भने ।

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## पूर्णछात्रवृत्तिमा...

उक्त दलका प्रमुख सचेतक श्यामकुमार घिमिरले शिक्षा समितिमा आवासीय सुविधा निजी विद्यालयलाई राख्न बाध्य पार्नेगरी कानुन बनाउन नहुने बताउँदै आएका छन् । उनले प्रभावसँग भने, 'विदेशमा निजीलाई पनि अनुदान दिने गरिन्छ । यहाँ त्यस्तो व्यवस्था छैन । तर, हामीले सँधै निजी विद्यालयलाई गलत दृष्टिले हेर्‍यौं भने ठीक हुँदैन । त्यही भएर निजी विद्यालयलाई बाध्य पार्नेगरी आवसीय सुविधाको भारी बोकाउनु हुँदैन ।'

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले पनि अघिल्लो बिहीबार बसेको समिति बैठकमा निजी विद्यालयलाई आवासीय सुविधाको विषयमा बाध्य पार्न नहुने मत राखेका थिए । घिमिरे र मन्त्री पन्तको अभिव्यक्तिले सत्तारुढ दुई दल कांग्रेस र एमाले पूर्णछात्रवृत्ति पाउने विद्यार्थीलाई आवासीय सुविधा नदिलाउने पक्षमा देखिएका छन् ।

तर, एमाले सचिवसमेत रहेका छविलाल विश्वकर्मा संयोजक रहेको उपसमितिले दफावार छलफल गरेर टुंगो लगाएको शिक्षा विधेयकमा निजी विद्यालयले नै पूर्ण छात्रवृत्तिमा आवासीय सुविधा व्यवस्था गर्नुपर्नेमा उल्लेख छ । 'पूर्णछात्रवृत्ति भन्नाले शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शिक्षा सामग्री, पोशाक, यातायात, आवासीय सुविधा (विद्यालयमा उपलब्ध भएमा) लगायत विद्यालयले लिने शुल्क तथा उपलब्ध गराउने सुविधा सम्झनुपर्छ,' उपसमिति प्रतिवेदनमा भनिएको छ ।

निजी विद्यालयका सञ्चालक पूर्ण छात्रवृत्ति पाउनेलाई आवासीय सुविधा दिन इन्कार गरिरहेका छन् । बरु, उनीहरू आन्दोलनको तयारीमा छन् । उता शिक्षामन्त्री पन्तले निजी निजी विद्यालयका सञ्चालकहरूलाई समर्थन गर्नेगरी अभिव्यक्ति दिएका थिए । उनी बरु सरकारले निःशुल्क होस्टल बनाउनुपर्ने पक्षमा छन् । अघिल्लो शिक्षा समितिको बैठकमा उनले भनेका थिए, 'हिसान, प्याब्सन, एनप्याब्सनले पूर्ण छात्रवृत्ति दिन नसक्ने भनेर डेलिगेसन आएका थिए । पोशाक र आवासीय सुविधा गाह्रो हुने हामीले पनि महशुस गर्‍यौं । त्यसो हुनाले आवसीय हटाउनुपर्छ ।'

तर, संसदीय समितिमा रहेका अधिकांश सांसदहरू मन्त्री पन्तको प्रस्तावसँग सहमत छैनन् । यसबीचमा परामर्श उपसमितिको बैठक पनि बसेको छैन । बिहीबार बस्ने भनिएको थियो । मन्त्री पन्तको कार्यव्यवस्तताले गर्दा बैठक बस्न सकेन । छिट्टै अर्को बैठक बोलाउने तयारी उपसमितिको छ ।

यता विधेयकमा नेपाल शिक्षक महासंघले सहमतिअनुसार नभएको भन्दै आन्दोलनको घोषणा गरेको छ । महासंघको नेतृत्वमा यसअघि देशभरका शिक्षकहरू काठमाडौंमा लामो समय आन्दोलित भए । अन्ततः सरकार र महासंघबीच समझदारी बन्यो । महासंघका अनुसार त्यो कार्यन्वयन गर्न सरकार अक्षम देखिएको छ ।

■■■

## विवाद यथावत...

पारित भएको प्रतिवेदन प्रतिनिधिसभा बैठकमा पेस गरिनेछ । यसका लागि अब २ वटा बैठक बोलाउने तयारी समितिको छ । विधेयकमा नेपाल शिक्षक महासंघको सदस्य रहेका शिक्षक प्रधानाध्यापकमा नियुक्त भएमा सदस्यता स्वतः निष्क्रिय हुने प्रावधान राखिएको छ । जिल्ला शिक्षा समन्वय इकाइ राख्ने उल्लेख छ ।

शिक्षकको बढुवा तीन प्रकारबाट गर्ने प्रावधान राखिएको छ । आन्तरिक प्रतियोगिता र आवधिक बढुवाको सट्टा आन्तरिक प्रतियोगिता, जेष्ठता र कार्यसम्पादन मूल्याकंन र कार्यक्षमता मूल्यांकनको आधारमा शिक्षक बढुवा गर्ने विषय समेटिएका छन् ।

■■■

## रास्वपाका...

त्यसपछि थापाले घटनाका सम्बन्धमा हुने छानबिनलाई सहयोग गर्न भन्दै पार्टी जिम्मेवारीबाट अलग भएको बताएका थिए । उनको सामाजिक सञ्जाल एकाउन्टमा भने रास्वपा केन्द्रीय सदस्य भएको उल्लेख नै रहेको छ । निर्वाचन आयोगको अभिलेखबाट पनि भने उनको नाम हटेको छैन । आयोगले पछिल्लो पटक अद्यावधिक गरेको सूचीमा रास्वपाको केन्द्रीय सदस्यको सूचीमा थापाको नाम छ ।

अमेरिकाको मेरिल्यान्ड निवासी थापा विगतमा अमेरिकामा नक्कली परिचयपत्र र चालक अनुमति पत्रहरू बनाएको मुद्दामा जेल परेका थिए । थापाले नक्कली परिचयपत्र बनाउने गरेको र ठगी गर्न हुलाक प्रयोग गरेको षड्यन्त्र गरेको भन्दै अमेरिकी प्रशासनसमक्ष स्विकार गरेको थियो । मेरिल्यान्ड मोटर भेइकल एडमिनिस्ट्रेसन एमभीएका एक कर्मचारीसँग मिलेर विदेशी नागरिकलाई नक्कली आइडी बेच्ने गरेको मुद्दा उनीमाथि लगाइएको थियो । उनको फेसबुक रेकर्डअनुसार उनी फेब्रुअरी १६ मा दोहामा रास्वपाको प्रवास नेपाली सम्पर्क विभाग कतारको भेटघाट कार्यक्रममा सहभागी भएर अमेरिकाका लागि उडेका थिए ।

ट्रम्प प्रशासन सुरु भइसकेपछि विगतको अपराधको रेकर्ड भएकाहरूलाई अमेरिकाबाहिर यात्रा गरेर फर्कने क्रममा अप्रवासनले नियन्त्रणमा लिएर देशनिकालाको प्रक्रियामा राख्ने क्रम यसअघिबाटै तीव्र पारेको थियो । हालै अमेरिकी संसदबाट पारित भइसकेपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले हस्ताक्षर गरेको एउटा बिलले पनि अपराधहरूमा दोषी ठहरिएका गैर नागरिकहरू देशनिकालाको अधीनमा रहने थप व्यवस्था गरेको थियो । अमेरिकामा उनी विरुद्ध सन् १९९९ देखि २०२२ सम्म ५० बढी मुद्दा चलेको अमेरिकाबाट सञ्चालन हुँदै आएको नेपाली नेपाली अनलाइन मिडियाहरूले उल्लेख गरेको छ । तीमध्ये केही मुद्दा अझै चलिरहेकै छन् ।

■■■

## इ-सेभेन...

कति मागपत्र आउँछ भन्ने विषयमा भने पछिमात्र थाहा हुने उनको भनाइ छ ।

हालसम्म कोरियाले रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत भाषा परीक्षा उत्तीर्ण गरेका अदक्ष श्रमिकमात्र लग्दै आएको थियो । यो कार्यविधिले निजी क्षेत्रका व्यवसायी-व्यवसायी (बिटुबी)मार्फत म्यानपावर व्यवसायीले दक्ष तथा अर्धदक्ष श्रमिकलाई इ-सेभेन भिसा प्रणालीमार्फत कोरिया पठाउने बाटो खुलाइदिएको छ । बिटुबी)मार्फत मौसमी कामदार भने पठाउन पाइने छैन ।

अन्तर्राष्ट्रिय श्रमबजारमा नेपालीहरू सधैं अदक्ष श्रमिकका रूपमामात्र चिनिने गरेकोले दक्ष श्रमिक पनि पठाउन थालेपछि मुलुककै छविमा सुधार हुने व्यवसायीहरूको भनाइ छ । साथै, सीपयुक्त जनशक्तिले नेपालमा भन्दा धेरै गुणा राम्रो आम्दानी गर्ने र श्रमिकहरू रोजगारीबाट झनै सिर्जनात्मक भएर फर्किने उनीहरूको दाबी छ ।

इ-सेभेन भिसामार्फत कोरिया जानेहरूले आधारभूत कोरियन भाषा र पेसागत सीप भने हासिल गरेको हुनुपर्नेछ । रोजगारीका लागि जाँदा लाग्ने लागत तथा सेवा शुल्क इपिएस प्रणालीकोजस्तै हुने कार्यविधिमा उल्लेख गरिएको छ ।

---

### बुढाथोकी एग्रो फेमिली फार्म प्रा.लि.

**सार्वजनिक सूचना**

काभ्रेपलान्चोक जिल्ला भुम्लु नगरपालिका वडा न९ मा रहेको बुढाथोकी एग्रो फेमिली फार्म प्रा.लि. द्वारा २०८२।०४।११ गते प्रभाव दैनिकमा प्रकाशित सार्वजनिक सूचना वातावरणिय परिक्षण तथा स्थानीय सम्बन्धित सरोकारवाला सबैलाई राय सुझाव दिन तोकिएको समय भुलबस सात दिन भएको र उक्त समय पन्ध्र(१५) दिन हुने यसै सूचना साथ जानकारी गराउन चाहन्छु ।

**आयोजक**
**बुढाथोकी एग्रो फेमिली फार्म प्रा.लि**
**भुम्लु गाउँपालिका वडा न. ९ ज्याम्दी**

---

### बीमालेख हरायो

**सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स**बाट जारी भएको निम्न व्यहोराको बीमालेख काठमाडौंको कालिमाटीबाट हराएको हुँदा, फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

**नाम : राहुल श्रेष्ठ**
**पोलिसी नम्बर : ३०३०००००६४३**

---

### कर्मचारी नरहेको सम्बन्धी सूचना

यस **Future Star Manpower Pvt. Ltd.** (ई.प.नं. ३९७/०६०/०६१) मा कार्यरत **बल बहादुर पाण्डे** (**ना.प्र.प्र.नं: ५२४३/सम्पर्क:** ९८५११००४२६) ले यस प्रा.लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण मिति : २०८२/०३/२६ राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Future Star Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9813916322, 9810101810, E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६/०४/१८ मा दर्ता भएको **दर्ता नं. ६४६३०** को **एभरेष्ट डिल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०४/३०**

यस कम्पनीको मिति २०८२/०३/०२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वाम्बुले हलेसी तुवाचुङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी**को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि सबै **बान्तावा कञ्चन कन्स्ट्रसन एण्ड कन्सल्टेन्सी** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०४/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बान्तावा कञ्चन कन्स्ट्रसन एण्ड कन्सल्टेन्सी (प्रा.लि.नं.२७८०१२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

---

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२।४।३०**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८१/८२ मा खयर, साल रूखहरूबाट संकलन भएको खयर, साल प्रजातिको गोलिया १०५०.४७ क्यू.फि. काठ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री तिलिङडाँडा सा.व.उ.स., रामपुर-२, पाल्पा ।**

---

### युएईमा रोजगार

**कम्पनी : LAFAYETTE GENERAL CONTRACTING - L.L.C- S.P.C.**

पूर्व स्वीकृति मिति : २०८२/०४/२७ | LT. No. 329152 | चलानी नं. ६०२४२९६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1500 | ५७,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | GENERAL CLEANER (FEMALE) | 2 | 0 | 1000 | ३८,११५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: 9808046424/ 9801797200
E-mail : deepjyotimanpower1136@gmail.com, Web: deepjyotimanpower.com.np

---

### साउदीमा रोजगार

**कम्पनी : SAWAED SOLUTIONS COMPANY FOR MAINTENANCE AND CLEANING**

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 329282 | चलानी नं. ६०२४३१०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hospital Cleaning Worker | 30 | 0 | 1200 | ४४,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : Marjan Development Contracting Company**

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 329281 | चलानी नं. ६०२४३१०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1000 | ३७,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Contruction Worker | 3 | 0 | 1000 | ३७,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

---

### साउदीमा रोजगार

**कम्पनी : MUDAIN AL-MUSTAGHEBEL For Energy**

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 321286 | चलानी नं. ६०२३५३६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electro Mechanical Technician | 2 | 0 | 2200 | ८२,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : www.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

---

### युएइमा रोजगार

**कम्पनी : DAXS SCAFFOLDING CONTRACTING EST.**

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 329222 | चलानी नं. ६०२४३०७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Condition Technician | 10 | 0 | 1500 | ५७,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician/plumber/painter | 6 | 0 | 1500 | ५७,१७५ | | | | | | | |
| 3 | Labour | 10 | 0 | 1000 | ३८,११५ | | | | | | | |
| 4 | Stevedores | 6 | 0 | 1200 | ४५,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

---

### साउदीमा रोजगार

**कम्पनी : NAQIA INDUSTRIAL FACTORY**

पूर्व स्वीकृति मिति : २०८२/०४/२८ | LT. No. 328901 | चलानी नं. ६०२४३००९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car driver (light) | 1 | 0 | 1400 | ५२,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper/ordinary labourer/loading & unloading worker/cleaner | 3 | 0 | 1000 | ३७,३११ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gulf Asia Manpower Pvt.ltd. गल्फ एसिया मेनपावर प्रा.लि.
A recruitment Company
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255
Govt. License No. 1278/074/75

---

### मलेसियामा रोजगार

**कम्पनी : CAMAROE AQUACULTURE SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 329224 | चलानी नं. ६०२४३०४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 29 | 0 | 1700 | ५६,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४३५/०७४/७५
KINGFISHER OVERSEAS PVT.LTD
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Email: kingfisheroverseasnepal@gmail.com

---

### कतारमा रोजगार

**कम्पनी : SERENA CLEANING HOSPITALITY AND CONTRACTING W.L.L**

पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | पून: विज्ञापन स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 315640 | चलानी नं. ६०२३०११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३८,४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Finishing Carpenter | 1 | 0 | 1100 | ४२,३०२ | | | | | | | |
| 3 | Foreman | 3 | 0 | 2500 | ९६,१४१ | | | | | | | |
| 4 | Gen.clean.worker | 2 | 0 | 1000 | ३८,४५६ | | | | | | | |
| 5 | Representative | 1 | 0 | 2200 | ८४,६०४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ganapati Overseas Pvt.Ltd.
Sinamangal -9 Kathmandu, Tel: 01-411082
Mobile: 9808865846, 9743757032, Email: careerganapati@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९

---

### धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८२/०४/३० गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले लगनखेल शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा तरताकेता गर्दा साथै मिति २०८०/०१/१८ गते राजधानी दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना तथा मिति २०८१/०४/०८ गते अन्नपुर्ण पोष्ट पत्रिकामा धितो लिलामी गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ती यस बैंक आफैल गैह्र बैकिङ्ग सम्पत्तीको रुपमा सकार गरी लिने व्यहोरा समेत सम्बन्धीत सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धीत ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : ललित व्युटिसियन बहुउद्देश्यीय सहकारी संस्था लि. ।** **दर्ता नं:- १०५७/०७०/०७१**
**रजिष्टर्ड ठेगाना : ललितपुर उ.म.न.पा.-१३, ललितपुर**
**हालको ठेगाना :- ललितपुर-१३, जावलाखेल**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : मिना कुमारी रिमाल (अध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : भुमिनन्द रिमाल<br>बाजे : खडानन्द रिमाल<br>ना प्र नं : ३६५१९<br>ठेगाना : अर्ग्यौली-४, नवलपरासी | **५) नाम : उर्सुला उत्साहा सिंह (सञ्चालक तथा जमानीकर्ता)**<br>बुवा : सुनिल सिंह<br>बाजे : लक्ष्मि बहादुर सिंह<br>ना प्र नं.: ३६४७३<br>ठेगाना : ललितपुर-४ |
| **२) नाम : मन्जु देवी तुलाधर (उपाध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : बुद्धिरत्न तुलाधर<br>बाजे : न्हुच्छेरत्न तुलाधर<br>ना प्र नं.: १२५८८<br>ठेगाना :ललितपुर-१ | **६) नाम : सविता दंगाल (सञ्चालक तथा जमानीकर्ता)**<br>बुवा : प्रलाद प्रसाद दंगाल<br>बाजे : धर्म प्रसाद दंगाल<br>ना प्र नं. : ३११०२३/४५३७६<br>ठेगाना : हेटौंडा-१, मकवानपुर |
| **३) नाम : शुसिला दंगाल (सचिव तथा जमानीकर्ता)**<br>बुवा : कृष्ण प्रसाद लामिछाने<br>बाजे : शर्मानन्द लामिछाने<br>ना प्र नं. : २२६१<br>ठेगाना : हेटौंडा-१, मकवानपुर | **७) नाम : कमला सुवेदी (सञ्चालक तथा जमानीकर्ता)**<br>बुवा : कृष्ण प्रसाद लामिछाने<br>बाजे : शर्मानन्द लामिछाने<br>ना प्र नं.: ५६१३३<br>ठेगाना : मन्थली-३, रामेछाप |
| **४) नाम : रुपा भट्टराई (कोषाध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : राम प्रसाद भट्टराई<br>बाजे : भिम प्रसाद भट्टराई<br>ना प्र नं.: १६०१४<br>ठेगाना : लेप्सेफेदी-१, काठमाण्डौं | **८) नामः अर्जुन प्रसाद न्यौपाने (व्यवस्थापक तथा जमानीकर्ता)**<br>बुवा : छविलाल न्यौपाने<br>बाजे : बालकृष्ण न्यौपाने<br>ना प्र नं. : ७१७१८<br>ठेगाना : गणेशस्थान-१, नुवाकोट |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री खडानन्द रिमालको नातिनी श्री भुमिनन्द रिमालको छोरी नवलपरासी जिल्ला अर्ग्यौली गा.वि.स.वडा नं.-४ बस्ने **श्री मिना कुमारी रिमाल**को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला चापागाउँ गा.वि.स. वडा नं.-७क को कित्ता नं १५२१ को क्षेत्रफल ०-७-०-० रोपनी जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री बालकृष्ण न्यौपानेको नाति श्री छविलाल न्यौपानको छोरा नुवाकोट जिल्ला गणेशस्थान गा.वि.स.वडा नं.-१ बस्ने **श्री अर्जुन न्यौपाने**को नाममा मालपोत कार्यालय रसुवामा दर्ता श्रेस्ता कायम रहेको रसुवा जिल्ला धैवुङ गा.वि.स. वडा नं.-५ को कित्ता नं १२०७ को क्षेत्रफल ०-८-२-० रोपनी जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको **खाता नं. ००१०००१४८६६०००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै लगनखेल शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ (पन्ध्र) दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय लगनखेलमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) सुरक्षणमा रहेका धितोहरुको आशिंक रुपमा पनि लिलाम गर्न सकिनेछ ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National Co-operative Bank Limited (NCBL) | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www.ncbl.coop

# पहिरोले बेनी जोमसोम सडकको यात्रा असहज बन्दै



■ कमल खत्री

**म्याग्दी (बेनी)**– कालिगण्डकी कोरिडोर सडक आयोजनाअन्तर्गत बेनी-जोमसोम कोरला सडक खण्डमा ठूला पहिरोले सवारी यात्रा असुरक्षित र असहजसमेत बनाएको छ । कालोपत्रेसहित सडक स्तरोन्नति जारी रहेको यस सडकखण्डमा म्याग्दीको रघुगंगा गाउँपालिका-२ सिरुवारी, अन्नपूर्ण गाउँपालिका-३ दानाको खामभित्ता, गुइँठेभिर, रूपसेछहरा र सुकेबगर, अन्नपूर्ण-७ को महभिरलगायतका ठाउँमा निरन्तर पहिरो खसेर सडक अबरुद्ध हुने गरेका छन् ।

बेनी-जोमसोम सडकखण्डअन्तर्गत सिरुवारी, गुइँठेभिर, खामभित्तालगायतको ठाउँमा पहिरो रहेको र सामान्य रोकथामबाट पहिरोलाई नियन्त्रण गर्न नसकिने अवस्थामा रहेको बेनी-जोमसोम कोरला सडक आयोजनाका योजना प्रमुख ध्रुवकुमार झाले जानकारी दिए । उनले भने, 'बर्षात्मा यो क्षेत्रमा निरन्तररूपमा पहिरो खस्ने गरेको छ, हामीले पहिरोग्रस्त क्षेत्रमा अबरुद्ध हुने सडकलाई डोजर लगाएर खुलाउने गरेका छौं, तर पहिरोको स्थायी समाधान नभएसम्म बर्खायाममा सडक सुरक्षित बनाउन सम्भव देखिएको छैन ।'

पहिरोग्रस्त क्षेत्रको भूगर्वविद्हरूको टोलीद्वारा विस्तृत अध्ययन गरी रोकथामका लागि प्रक्रिया अघि बढाइएको भएपनि पहिरो नियन्त्रण र रोकथाम योजनामा कुनै पनि निर्माण कम्पनीले ठेक्का प्रक्रियामा भाग नलिएपछि पहिरो रोकथामको योजना अलपत्र परेको छ । गत वर्ष आयोजनाले पहिरो नियन्त्रण र रोकथामका लागि २० करोड रूपैयाँ बजेट विनियोजन गरेर ठेक्का आह्वान गरेको भए पनि निर्माण कम्पनीले ठेक्कामा भाग नलिएपछि काम सुरु हुन नसकेको हो । चालु आर्थिक वर्षमासमेत पहिरो रोकथाम र नियन्त्रण योजनाका लागि विनियोजन भएको बजेटलाई कार्यान्वयनका लागि ठेक्का प्रक्रिया अघि बढाइएको योजना प्रमुख झाले जानकारी दिए । बेनीदेखि घाँससम्म करिब ४० किलोमिटर सडक खण्डमा १० वटा पहिरो छन् । यस स्थानमा भएका पहिरोको विस्तृत अध्ययन गरे पनि रोकथाम र नियन्त्रणको काम सुरु नहुँदा हरेक बर्खायाममा म्याग्दीको रघुगंगा गाउँपालिका, अन्नपूर्ण गाउँपालिकाका साथै मुस्ताङ जिल्लाका सर्वसाधारण तथा पर्यटक र तिर्थयात्रीहरूले जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेको छ ।

पानी पर्दासाथ पहिरो खस्ने समस्याले सडकयात्रा जोखिमपूर्ण भएको अन्नपूर्ण गाउँपालिका-३ दानाका वडा अध्यक्ष रमेश पुर्जाले जानकारी दिए । 'यो समयमा रातमा यात्रा गर्न उपयुक्त छैन, ठाउँ ठाउँमा पहिरोले सास्ती दिने गरेको छ, बर्षा नरोकिँदा सम्म बेनी-घाँसा खण्डको यात्रा निकै जोखिमपूर्ण छ,' वडा अध्यक्ष पुर्जाले भने । बेनी-जोमसोम सडकमा पहिरोका कारण वर्षात्को समयमा यातायात प्रभावित हुने गरेको छ भने यात्रुले सास्ती खेप्दै आएका छन् । सडक विस्तार गर्नुभन्दा अघिसम्म अहिले गएका ठूला पहिरो नभएकाले सडक कालोपत्रेसहितको योजनामा पहिरो नियन्त्रणको काम समावेश गरिएको थिएन । कालोपत्रेसहित स्तरोन्नति भइरहेको बेनी-जोमसोम सडकखण्डमा करिब ८५ प्रतिशत भौतिक प्रगति भइसकेको छ ।

आयोजनाले गत वर्ष नै ठूला पहिरोको जोखिम र रोकथामबारे विस्तृत अध्ययन गरे पनि रोकथामको काम भने अझै सुरु भएको छैन् । यस सडकखण्डमा हरेक वर्ष नयाँ ठाउँमा पहिरो खस्ने समस्या बढेको छ । कालीगण्डकी नदी किनारहुँदै विस्तार भएको बेनी-जोमसोम सडकखण्डअन्तर्गतम्याग्दीखण्डमा सडक विस्तारको भूगोल साँघुरो रहेको छ भने कमजोर भू-बनोटका कारण नयाँ-नयाँ ठाउँमा पहिरो खस्नेक्रम बढ्दो छ । यो वर्ष महभिरमा नयाँ पहिरो खस्न थालेको छ । *रासस*


**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः २०८२/०४/३० गते)**

यस कम्पनीको मिति २०८२/०३/२४ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **करमाया जर्नीज्**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **करमाया एडभेन्चर्स** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०४/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्री करमाया एडभेन्चर्स**, **(दर्ता नम्बर : ३६६२३९)**, कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**सानिमा बैंक लिमिटेडको संस्थापक शेयर खरिद गर्न चाहानु हुने संस्थापक शेयरधनीहरूका लागि प्रकाशित ३५ दिने सूचना**

यस बैंकका संस्थापक शेयरधनी श्री मोहन कुमार खड्काले आफ्ना नाममा कायम रहेको ६,८७७ कित्ता संस्थापक शेयरहरू प्रति शेयर न्युनतम मूल्य रु १४०।- का दरले बिक्री गर्न निवेदन गरेको हुँदा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार उक्त संस्थापक शेयर खरीद गर्ने पहिलो हक संस्थापक शेयरधनीहरूको भएको हुँदा विद्यमान संस्थापक शेयरधनीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनीले उक्त शेयर खरिद गरी लिने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी बैंकको केन्द्रीय कार्यालय, नारायणचौर नक्साल, काठमाण्डौमा सम्पर्क राखी आफूले खरिद गर्ने शेयर संख्या खुलाई निवेदन गर्नु हुन सूचित गरिन्छ । तोकिएको उक्त म्याद भित्र विद्यमान संस्थापक शेयरधनीहरूको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार संस्थापक भन्दा बाहिरका अन्य व्यक्ति/संस्थालाई बिक्री गर्न आवश्यक कार्बाही अघि बढाईने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



**साउदीमा रोजगार** कम्पनी : AL-AYFI CATERING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 329269 | चलानी नं.६०२४३०९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADERS | 1 | 0 | 1500 | ५५,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd. Govt. License 1463/074/075

Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498



**युएईमा रोजगार** कम्पनी : VENT LINE AIR CONDITIONING REQUISITES MANUFACTURING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 329186 | चलानी नं. ६०२४३०१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aircon Technician | 1 | 0 | 1500 | ५७,१७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Aluminium Fitter/Fabricator | 2 | 0 | 1500 | ५७,१७५ | | | | | | | |
| 3 | stevedores | 1 | 0 | 1200 | ४५,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



HAPPY NEPAL EMPLOYMENT PVT. LTD श्रम ईजाजत नं. ८८३/०६७/०६८

Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9810124818, 9847364227, Email: happynepalemployment@gmail.com, happynepal26@gmail.com, Web: www.happynepalemployment.com.np, Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com



**साउदी/ओमनमा रोजगार** कम्पनी : AMAL SALEH AL MALHAM FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 329181 | चलानी नं.६०२४३०५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF (COOK) | 1 | 0 | 1500 | ५५,९६५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2 | SERVER,FOOD AND BEVERAGE DEPT | 2 | 0 | 1200 | ४४,७७० | | | | | | | |

कम्पनी : LRAQY LLABDAAT ALALMYTH

पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 329220 | चलानी नं.६०२४३०५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FURNITURE WOOD MAKER | 5 | 0 | 140 | ५०,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALGHEFEILI MODERN BUSINESS SPC

पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 329219 | चलानी नं.६०२४३०५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ARABIC COFFE MAKER | 0 | 2 | 150 | ५४,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**मलेसियामा रोजगारको अवसर** कम्पनी : PLATINUM SECURITY SDN.BHD. शहर : Persiara

पूर्व स्वीकृति मिति : २०८२/01/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 323194 | चलानी नं. ६०२३७२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 58 | 0 | 1700 | ५६,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



A.K. OVERSEAS (PVT.) LTD.

श्रम ईजाजत नं.४९४/०६१/०६२ Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027, 9851085705, 9841711205, 9851086618, Email: akoverseas494@gmail.com



**युएई/कतारमा रोजगार** कम्पनी : EASTWEST FACILITIES MANAGEMENT SERVICES - L.L.C - S.P.C

पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 328744 | चलानी नं.६०२४३०५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 0 | 1200 | ४५,७४० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2 | Messenger/Reporter | 0 | 15 | 1200 | ४५,७४० | | | | | | | |

कम्पनी : PRINKKA CONTRACTING & HOSPITALITY W.L.L.

पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 329204 | चलानी नं.६०२४३०५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Hospital-Indoor) | 3 | 0 | 1400 | ५३,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 2 | 0 | 1400 | ५३,८४० | | | | | | | |
| 3 | Dry Cleaning Worker | 8 | 4 | 1400 | ५३,८४० | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 2500 | ९६,१४० | | | | | | | |
| 5 | Labour | 8 | 0 | 1400 | ५३,८४० | | | | | | | |
| 6 | Service Agents | 2 | 0 | 1500 | ५७,६८५ | | | | | | | |
| 7 | Supervisor | 1 | 0 | 3000 | ११५,३८० | | | | | | | |
| 8 | Waiter | 4 | 4 | 1700 | ६५,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



BON MANPOWER PVT.LTD. श्रम इंजाजत नं. 1514/074/075

Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851, Mobile - 9803960700, 9843361254, 9817554717,9841144866, 9847016713, Email: bonmanpower1@gmail.com



**जापानमा रोजगार** कम्पनी : TMJ COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/02/२९ | LT. No. 329216 | चलानी नं. ६०२४३०६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Meat Process Worker | 0 | 1 | 148157 | १४१,६२० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : TMJ COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 329217 | चलानी नं. ६०२४३०६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 1 | 0 | 187000 | १७८,७५० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ६ गते (22nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ८०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



ARANIKO OVERSEAS PVT. LTD. श्रम ईजाजत नं. 267/058/059

Kupondole, Kandevthasthan, Lalitpur, Nepal, Tel: +977 5010657/5010658, Mob: +977-9709080607/ +977-9709073655/ +977-9709080637/ +977-9709080617/ +977-9851110257, Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com


# Surnaya Rural Municipality
## Office of Rural Municipal Executive

Rauleshwar, Baitadi
Sudurpashchim Province, Nepal

## Invitation for Bids

Invitation for Bids No: NCB/SRM/BAITADI/01/082-083
Date of publication: 2082/04/30(2025 Aug 15)

1. Surnaya Rural Municipality, Baitadi invites sealed bids from eligible domestic bidders for the construction works enlisted below:

| S. N. | Contract No. | Name and Location of the Construction Work | Estimated Amount Incl.of VAT (NRS) | Bid Security Amount(NRS) | Validityof Bid Security (Days) | Non Refundable Bid Document Fee (NRS) |
|---|---|---|---|---|---|---|
| 1 | NCB/SRM/ BAITADI/01/082-083 | **Construction Of Ward Office Building,Surnaya-6** | **11451075.08** | 287000 | 120 | 3,000 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| **Last Date and Time for Bid Purchase and Bid Submission** | | **Date and Time for Bid Opening** | |
|---|---|---|---|
| Date: B.S. 2082.05.31(A.D. 2025 Sep 16)<br>Time: Within 12:00 hours | | Date: B.S. 2082.05.31(A.D. 2025 Sep 16)<br>Time: Within 13:00 hours | |
| **Cash Deposit for Purchase of Bid Document** | | **Cash Deposit for Bid Security** *(optional if bidder submits Bank Guarantee from A Class Bank)* | |
| Bank: | Nepal Investment Megha Bank | Bank: | Nepal Investment Megha Bank |
| Office Name: | Surnaya Rural Municipality | Office Name: | Surnaya Rural Municipality |
| Aantarik Rajaswo account No. | 06501400250016(Aantarik Rajaswa Khata No.) | Dharauti account No. | 06501040250351(Dharauti Khata No.) |
| Office code: | 80774506300 | | |

3. Pre-bid meeting should not be held.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at opening time at the Surnaya Rural Municipality. Bids security must be valid for a period as specified above and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as specified above.

   If the date of opening falls on a government holiday, then the next working day shall be considered as the opening date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of GoN.
6. Any amendment in the tender notice shall be posted in the notice board of the Surnaya Rural Municipality office and PPMO's website: www.bolpatra.gov.np/egp.
7. Eligible Bidders may refer Surnaya Rural Municipality or PPMO's website: www.bolpatra.gov.np/egp for further information.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### स्मार्ट काठमाडौंमा आगलागीको बाढी

राजधानी काठमाडौंलाई स्मार्ट सहरका रूपमा हेरिन्छ । देशभरका नयाँ सहरले काठमाडौं हेर्दै विकास बढाउँदै लान्छ । तर यही काठमाडौंको आगलागीसम्बन्धी पछिल्लो तथ्याङ्क डरलाग्दो देखिन्छ । पछिल्लो एक वर्षको अवधिमा काठमाडौं जिल्लामामात्रै दुई हजार ७२२ वटा आगलागीका घटना दर्ता भएको प्रहरीको रिपोर्टमा उल्लेख छ । सहरीकरण भए पनि पुरानै शैलीको बिजुलीका पोल तथा ट्रान्सफर्मरका कारण सबैभन्दा बढी आगलागीका घटना भएको देखिन्छ ।

काठमाडौंमा अव्यवस्थित तार व्यवस्थापन गर्ने भन्दै बेलाबेला प्रचारबाजी गरिन्छ । तर अहिलेसम्म असरल्ल तारहरूको व्यवस्थापन गरिएको छैन । नाँगा तार, जोल्ठिएर राखिएका तारहरू आपसमा जुध्दा यस्ता घटना बढ्ने गरेका हुन् । सबैभन्दा बढी त बिजुलीको पोल र ट्रान्सफर्मर तथा घर/कोठा र मिटरबक्समा विद्युत् 'सट', भएर आगलागी भएका घटना । बिजुलीका पोल र ट्रान्सफर्मर आगलागीका एक हजार ८७६ घटना दर्ता भएका छन् । राजधानी काठमाडौंलाई विकास र व्यवस्थापनको नमुना मानिन्छ । तर यहाँ नै बिजुली व्यवस्थापन अस्तव्यस्त हुँदा यसखाले घटना बढेका छन् ।

यो अवधिमा घरमा ४०७ वटा आगलागी भएको काठमाडौं परिसरले जनाएको छ । यस्तै ग्यास लिक भएर भएर ४५, वन जंगलमा ६८ र अन्य कारणबाट ३२६ वटा आगजनी भएको देखिन्छ । यी घटनामध्ये ४२ प्रतिशत घटनामा प्रहरी पाँच मिनेटभन्दा कम समयमा सम्बन्धित स्थानमा पुगेको दाबी प्रहरीले पेश गरेको छ । ट्राफिक जाम, घटनास्थलको पहिचान, सूचनाको विश्लेषण र प्राथमिकीकरणका कारण केही स्थानमा पुग्न भने समय लाग्ने गरेको देखिन्छ । यस्तो घटनाबाट बढीजसो घर र मानवीय क्षति हुने गरेका छन् । मानवीय क्षति र भौतिक सम्पत्तिमा यतिकै क्षति हुनेगर्छ ।

यस्ता घटना हुन नदिन सबैभन्दा पहिले त विद्युतीकरण व्यवस्थित पार्नुपर्छ । विदेशमा पनि पोलबाट बिजुली लाने व्यवस्था छ । तर नेपालमा पोल नै भाडामा लिएर विभिन्न तार अल्झाउने प्रथा अझै कायमै छ । डिजिटल नेपालको नारा शुरु भए पनि तारको समस्याबाट काठमाडौंले अझै मुक्ति पाउने स्थिति छैन । यस्तो अवस्थामा नेताहरू चुनावी गफमा व्यस्त सुनिन्छन् भने कर्मचारी प्रशासन बजेटको बाँडफाँड र सरुवा भ्रमणमै व्यस्त सुनिन्छ ।

सहर होस् या गाउँ कुरूप व्यवस्थापनलाई व्यवस्थित बनाउने काम कर्मचारीको हो भने खबरदारी गर्ने काम राजनीतिक दलका नेताहरू र नागरिकको हो । त्यसैले यस्तो विषयमा सबैले आआफ्नो तर्फबाट खबरदारी गरौं । सानो समस्या व्यवस्थापन गर्दै गएमामात्र सहर स्मार्ट बन्ने हो । कागजमा लेखिएको नाराले गाउँसहर स्मार्ट बन्ने दिवास्वप्न आजैबाट त्यागौं ।

# विश्वकप यात्रामा नेपाली क्रिकेटका चुनौती



■ राजु सिलवाल

> जुनसुकै खेलका प्रतियोगितामा सहभागी हुन हिजोआज नेपाली खेलाडीहरु विदेशमा पुग्दा त्यहाँ रहेका नेपालीले भव्य स्वागत गर्ने गरेका छन् । नेपालको क्रिकेट, फुटबललगायतका टिमहरुको खेल हेर्न विदेशमा भएका नेपाली आ-आफ्नो कार्यस्थलमा बिदा लिएर पनि जुटने गरेका छन् । उनीहरु बाजागाजासहित नेपालका खेलाडीले लगाउने जर्सी नै लगाएर रंगशालामा उपस्थित हुँदा वातावरण नै अत्यन्त उत्साहजनक हुने गरेको छ । नेपाली खेलप्रेमीले विदेशी भूमिसमेतमा देखाएको यसप्रकारको सद्भावबाट नेपाली खेलाडी हौसला बढ्न गएको देखिएको छ ।

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टिमका लागि यो वर्ष चुनौतीपूर्ण मानिएको छ । 'टि-ट्वाण्टी' विश्वकप क्रिकेट प्रतियोगितामा जसरी भए पनि छनोट हुनुपर्ने चुनौती नेपाली क्रिकेट टिमलाई रहेको छ । नेपालले सन् २०१४ मा पहिलोपटक तत्कालीन कप्तान पारस खडकाको नेतृत्वमा टि-ट्वाण्टी विश्वकप खेलेको थियो । दोस्रोपटक पुनः सन् २०२४ मा विश्वकपमा उत्साहजनक प्रदर्शन गरेको नेपाललाई तेस्रोपटक विश्वकपमा प्रवेश दिलाउन हाल नेपाल क्रिकेट संघ क्यानमा सचिवको जिम्मेवारी सम्हालिरहेका खडकासहितका पदाधिकारीको काँधमा आएको छ । यो वर्ष अक्टोबरमा ओमानमा आइसिसी पुरुष टि-ट्वाण्टी विश्वकपका लागि एसिया तथा पूर्वी एसिया प्रशान्त क्षेत्रको छनोट प्रतियोगिता सञ्चालन हुँदै छ । छनोट प्रतियोगितामा सहभागी हुने कूल नौ टिममध्ये अग्रपंक्तिमा रहेका तीन मुलुक आगामी विश्वकपका लागि छनोट हुने छन् । नेपालले विश्वकपमा छनोटका लागि समूह चरणमा कुवेत र जापानको सामना गर्नुपर्ने छ ।

नेपालले यसअघि सन् २०२४ को विश्वकपमा राम्रो प्रदर्शन गरेर जुन स्तर स्थापित गरेको थियो त्यसको आधारमा नै आगामी विश्वकपका लागि पनि छनोट हुन सक्ने आँकलन गरिएको छ । अमेरिका तथा वेस्ट इण्डिजमा भएको सो विश्वकपमा नेपाल दोस्रो चरणमा पुग्न नसके पनि दक्षिण अफ्रिका तथा बंगलादेशजस्ता मुलुकसँग झिनो अन्तरले पराजित हुनु त्यति सहज थिएन । केही दिनअघि भारतको बेंगलोरमा भएको प्रशिक्षण पनि राम्रो भएको र अब अस्ट्रेलियामा नेपालले टप इण्ड टि-ट्वाण्टी क्रिकेट प्रतियोगितामा उचित प्रदर्शन गर्ने तयारी भएको छ । नेपालले अस्ट्रेलियाका विभिन्न टिमलगायत पाकिस्तान र बंगलादेशजस्ता बलिया टिमसँग खेल्न पाउनाले थप अनुभव हासिल हुने छ ।

गत मार्चमा नेपाली राष्ट्रिय क्रिकेट टिमको मुख्य प्रशिक्षकको जिम्मेवारी सम्हालेका अस्ट्रेलियाली नागरिक स्टुवार्ट लको प्रशिक्षणमा नेपाली क्रिकेट टिम अस्ट्रेलिया पुगेको छ । उनी अस्ट्रेलियाको राष्ट्रिय टिमका पूर्वब्याटर हुन् । नयाँ प्रशिक्षक स्टुवार्टले अस्ट्रेलियाबाट सुखद् सुरुआत गर्ने अनुमान गरिएको छ । नेपालले आगामी विश्वकपको छनोट चरणको तयारीस्वरूप अस्ट्रेलियाको डार्बिनमा अगस्ट १४ देखि अगस्ट २४ सम्म आयोजना हुने टप एण्ड टि-ट्वाण्टी क्रिकेट प्रतियोगितामा केही शीर्ष अन्तर्राष्ट्रिय तथा घरेलु टोलीको सामना गर्ने छ । उक्त प्रतियोगितामा नेपालले पहिलोपटक भाग लिन लागेको हो । आगामी विश्वकपको छनोटको तयारीको रूपमा यस प्रतियोगितालाई हेरिएको छ । नेपालले पहिलो खेल अस्ट्रेलियाको नर्दन टेरिटोरी स्ट्राइकसँग शुक्रबार पहिलो खेल खेल्दै छ ।

यसअघि नेपालले यसै वर्ष नेदरल्याण्डस तथा स्कटल्याण्डविरुद्ध टि-ट्वाण्टी शृंखला खेलेर दोस्रो स्थान हासिल गरेको थियो । विश्वकप छनोट खेल्नुअघि नेपाली टिमले यही सेप्टेम्बरमा सारजाहाँमा वेस्ट इण्डिजसँग खेल्ने मैत्रीपूर्ण शृंखलाले पनि नेपाली खेलाडीलाई थप खेल कौशल सिक्ने अवसर प्राप्त हुने आशा गरिएको छ । नेपाली खेलकुद क्षेत्रमा आज क्रिकेट खेल अग्रणी खेलका रूपमा स्थापित भइसकेको छ । क्रिकेटको माध्यमबाट आज विश्वमा नेपालको बेग्लै परिचय बनेको छ । राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत रहेका सयौं खेल संघमध्ये खेल गतिविधि तथा उपलब्धिका हिसाबले नेपाल क्रिकेट संघलाई सफल संघ मानिएको छ ।

नेपाली टिममा बिगतमा अस्ट्रेलियामा खेल अनुभव बटुलिसकेका लेग स्पिनर सन्दिप लामिछाने पनि टिममा हुनाले टिमलाई सहज भएको छ । अस्ट्रेलियाका क्लबका साथै खेलाडीहरूसँगसमेत लामिछाने परिचित छन् । लामिछानेले अस्ट्रेलियामा व्यावसायिक खेलाडीका रूपमा स्थानीय क्लबसँग अनुबन्ध भई खेलको अनुभव बटुलिसकेका छन् । अस्ट्रेलियाको फेञ्चाइज टि-ट्वाण्टी लिग बिग ब्यास बिबिएलमा लामिछाने सहभागिता रहेको थियो । अस्ट्रेलियाको मेलबर्न स्टार्स, होबर्ट हुरिकान्सजस्ता क्लबमा उनी आबद्ध भएका थिए । सन् २०१६ मै अस्ट्रेलियाका पूर्वकप्तान माइकल क्लार्कको रोजाइमा परेका लामिछानेलाई सिड्नीको वेस्टर्न सबर्ब क्लबमा खेल्न आमन्त्रण गरिएको थियो । हाल क्यानसँग केन्द्रीय सम्झौतामा नरहे पनि लामिछाने निरन्तर नेपाली राष्ट्रिय टिममा आबद्ध रहीआएका छन् । लामिछानेको खेलको कदर गर्दै उनको गृहजिल्ला स्याङ्जाको थाप्ले गाँउपालिकामा क्रिकेट रंगशाला बनाउन सुरु गरिनुका साथै कक्षा ४ को पाठ्यक्रममा लामिछानेको जीवनी पनि समावेश गरिएको छ ।

विगतमा भएका कयौं महत्त्वपूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा कुशल खेलको माध्यमबाट योगदान गर्दै आएका ललित राजवंशी मुलुकले अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गरिरहँदा मातृशोकमा छन् । पारिवारिक शोकमा परेका ललित अस्ट्रेलिया प्रस्थान गर्न असमर्थ भएपछि शाहब आलमलाई टिममा समावेश गरिएको थियो ।

नेपाली राष्ट्रिय क्रिकेट टिम अस्ट्रेलिया प्रस्थान गर्नुअघि नै नेपाल प्रिमियर लिग एनपिएलको आगामी संस्करणका लागि खेलाडीको अक्सन हुनाले पनि खेलाडीको मनोबल बढ्न गएको छ । खेलाडी भएर जीवनयापन गर्न धौधौ पर्ने मुलुकमा एउटै प्रतियोगितका लागि लाखौं रूपैयाँ पारिश्रमिक घोषणा गरिनाले खेलाडी उत्साहित भएका थिए । एनपिएलमा सहभागी हुने आठवटै टिमका लागि राष्ट्रिय टिमका आठ जना खेलाडीका रूपमा चयन गरिएको थियो । उनीहरूले गत वर्षजस्तै लाखौं पारिश्रमिक पाउने निश्चित भए पनि रकम भने सार्वजनिक गरिएको छैन । अक्सनबाट भने कूल ९१ जना खेलाडी छानिएका थिए । उनीहरूले न्यूनतम् दुई लाखदेखि १५ लाख रूपैयाँसम्म पारिश्रमिक पाउने घोषणा गरिएको थियो ।

अस्ट्रेलियामा हालै आयोजित एउटा क्रिकेट प्रतियोगिताको समापनका अवसरमा नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वप्रमुख प्रशिक्षक जगत टमाटालाई प्रमुख अतिथिका रूपमा आमन्त्रण गरिएको थियो । अस्ट्रेलियामा रहेको सगरमाथा क्रिकेट क्लब प्रथम भएको उक्त सामुदायिक प्रतियोगिताको समापनका बेला प्रशिक्षक टमाटाले नेपालको क्रिकेटको विकासमा आबद्ध भइसकेका विभिन्न व्यक्ति तथा आफ्ना पुराना चेलासमेतलाई भेटेका थिए । अस्ट्रेलियामा रहेको नेपलिज क्रिकेट एसोसिएसन अफ अस्ट्रेलियाजस्ता संस्थाले क्रिकेटको माध्यमबाट नेपाली तथा अस्ट्रेलियाली समुदायबीच सम्बन्ध सुमधुर बनाउने कार्य गर्दै आइरहेको छ ।

विगतमा नेपालमा राष्ट्रिय टिमका साथै विभिन्न तहमा क्रिकेट खेलेका खेलाडी अहिले अस्ट्रेलियामा विभिन्न पेसामा आबद्ध भए पनि बेलाबखत क्रिकेट मैदानमा जुट्ने गरेका छन् । केही नेपाली खेलाडी स्थानीय क्लबसँग अनुबन्ध भई खेल्ने गरेका छन् । नेपालमा आयोजित एनपिएल लिगमा अस्ट्रेलियामा रहेका नेपाली खेलाडीको पनि प्रतिनिधित्व भएको छ । नेपालमा जस्तै अस्ट्रेलियामा पनि एनपिएल अस्ट्रेलिया क्रिकेट प्रतियोगिता आयोजना हुनु गौरवको प्रसंग मानिएको छ ।

जुनसुकै खेलका प्रतियोगितामा सहभागी हुन हिजोआज नेपाली खेलाडीहरू विदेशमा पुग्दा त्यहाँ रहेका नेपालीले भव्य स्वागत गर्ने गरेका छन् । नेपालको क्रिकेट, फुटबललगायतका टिमहरूको खेल हेर्न विदेशमा भएका नेपाली आ-आफ्नो कार्यस्थलमा बिदा लिएर पनि जुटने गरेका छन् । उनीहरू बाजागाजासहित नेपालका खेलाडीले लगाउने जर्सी नै लगाएर रंगशालामा उपस्थित हुँदा वातावरण नै अत्यन्त उत्साहजनक हुने गरेको छ ।

नेपाली खेलप्रेमीले विदेशी भूमिसमेतमा देखाएको यसप्रकारको सद्भावबाट नेपाली खेलाडी हौसला बढ्न गएको देखिएको छ । अस्ट्रेलियामा ठूलो संख्यामा नेपाली बसोबास गर्दै आइरहेका छन् । यसपालि डार्बिनमा हुने क्रिकेट प्रतियोगितामा नेपालको खेल भएको दिन अत्यधिक संख्यामा नेपाली खेलप्रेमी उपस्थित हुनसक्ने अपेक्षा गर्न सकिन्छ । नेपाली क्रिकेट डार्बिनस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण हुँदा त्यहाँ रहेका नेपालीले गरेको भव्य स्वागत वास्तवमै उदाहरणीय थियो ।

विदेशमा बस्ने नेपालीको संगठन एनआरएनएले अस्ट्रेलियाली भूमिमा नेपाली क्रिकेट टिमलाई समर्थन र हौसला प्रदान गर्न आह्वान गरेको छ । अस्ट्रेलियामा रहेका खेलप्रेमी नेपालीलाई रातो र नीलो रङका कपडा लगाएर क्रिकेट रंगशालामा एकसाथ उपस्थित हुन अनुरोध गर्दै सो संस्थाले राष्ट्रिय झण्डासमेत लिएर आउन गरेको आग्रहले राष्ट्रिय टिमलाई खेल जित्न उत्प्रेरित गराउने छ । यस्तो कार्यले नेपाली संसारको जुनसुकै मुलुकमा पुगेता पनि राष्ट्रिय एकताको भावना सुदृढ बनाउन योगदान पुग्न जाने देखिएको छ । अनुभवी खेलाडी तथा प्रतिष्ठित टिमहरूसँग अस्ट्रेलियामा हुने प्रतिस्पर्धाबाट नेपाललाई आगामी विश्वकप प्रवेशका लागि ढोका खोल्न यथोचित खेल कौशल र रणनीति हासिल गर्ने यथोचित सहयोग पुग्न जाने आशा गरिएको छ । *रासस*

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

## पाठक मञ्च

### कन्सल्टेन्सी र म्यानपावरको ठगीधन्दामा रमिते सरकार

विदेश अध्ययनका लागि पठाउने नाममा खुलेका कन्सल्टेन्सीको पछिल्लो समय व्यापक गुनासो सुनिन्छ । सर्वसाधारण भन्छन्, 'कन्सल्टेन्सीले न हामीलाई विदेश पठायो, न कागजपत्र र पैसा नै फिर्ता दियो । हामीलाई यत्तिकै झुल्याएर राखेको छ ।' आफ्ना छोराछोरी विदेश पठाउनका लागि बुवाआमाले ऋण खोजेर र घरखेत बेचेर पैसा दिएका छन् ।

बुवाआमालाई ऋणको ब्याज तिरिरहनुपरेको छ । तर, कन्सल्टेन्सीले भने निर्ब्याजीरूपमा सो रकम चलाइरहेको छ । अर्कोतिर, सर्वसाधारणलाई एकदमै दुःख भइरहेको छ । आफ्नो भिसा कहिले आउँछ भनी कन्सल्टेन्सी धाउँदाधाउँदा उनीहरू हत्तु हैरान भइसकेका छन् । कन्सल्टेन्सीले विभिन्न बहाना बनाएर उनीहरूलाई दुःख दिइरहेको छ ।

कन्सल्टेन्सीले लाखौं विद्यार्थीबाट अर्बौं रूपैयाँ उठाएको सुनिन्छ । विदेश पठाउने भन्दै पैसा उठाएर कन्सल्टेन्सीहरूले आफैंले चलाइरहेका छन् । कन्सल्टेन्सीमात्रै होइन, म्यानपावर पनि त्यस्तै छ । कागजपत्र र पैसा लिने, तर वर्षौंसम्म पनि विदेश नउडाइदिने । कन्सल्टेन्सीहरूले ठगेको व्यापक जनगुनासो आएपछि आपूर्ति तथा वाणिज्य विभागले केही महिनायता अनुगमनलाई तीव्रता दिएको छ । सो क्रममा ९० प्रतिशत कन्सल्टेन्सी गैरकानुनीरूपमा सञ्चालन भएको भेटिएको छ । दर्ता नै नगरिकन कन्सल्टेन्सी सञ्चालन गरेको पाइएको छ । विभागका महानिर्देशक कुमार दाहालले १० हजारभन्दा बढी कन्सल्टेन्सीको दर्ता नभएको बताएका छन् । विभागले दर्ता नभएकालाई एक लाख रूपैयाँ जरिवाना गरेर छोडिएको छ ।

त्यसैगरी, कतिपयलाई कागजपत्र लिएर विभागमा उपस्थित हुन निर्देशन दिइएको छ । कन्सल्टेन्सीहरूले विभिन्न मुलुक पठाउँदै आएको छ । १० लाखदेखि ३० लाख रूपैयाँ लिएर कन्सल्टेन्सीले एसियासहित युरोपेली मुलुकमा नेपाली पठाउँछ । कन्सल्टेन्सी सञ्चालकहरूले अकुत सम्पत्ति कमाएका छन् । विद्यार्थी ठगेर र राजस्व छलेर कन्सल्टेन्सी सञ्चालकहरूले सम्पत्ति जोडेका हुन् । तर, सरकारले उनीहरूको सम्पत्ति छानबिन गरेको छैन । न ठगी मुद्दा नै चलाएको छ । किनकि दर्ता नगर्नु भनेको राजस्व छल्नु हो । अनि एक लाख रूपैयाँ जरिवाना लिएर राजस्व छल्नेहरूलाई छोड्न मिल्छ ?

उनीहरूलाई कानुनबमोजिम कारबाही हुनुपर्छ । तर, सरकारले जरिवाना लिएर छोडिरहेको छ । सरकारले अनुगमन गर्छ, छोडिदिन्छ, कन्सल्टेन्सीहरूले पुनः सोही धन्दा सुरु गर्छन् । कन्सल्टेन्सी र म्यानपावरले मानव तस्करी पनि गर्दै आएका छन् । यद्यपि, सरकारको त्यसतर्फ ध्यान पुग्न सकेको छैन ।

मान्छे बेचेर हुन्छ कि अरुलाई ठगेर, म्यानपावर र कन्सल्टेन्सीलाई सम्पत्ति कमाउनु छ । मुलुकमा सञ्चालित म्यानपावर र कन्सल्टेन्सीमा राजनीतिक दलको लगानी छ । राजनीतिक दलका नेताहरूले म्यानपावर र कन्सल्टेन्सी सञ्चालन गरेर जनता लुटिरहेका छन् । यता, राजनीतिक दलकै म्यानपावर र कन्सल्टेन्सी भएकाले कानुनले छुन नसकेको हो । म्यानपावर र कन्सल्टेन्सीले गाउँदेखि सहरसम्म एजेण्ट खटाएका छन् । एजेण्टहरूले देशमा बसेर केही हुँदैन, विदेश गयो भनेमात्र भविष्य बन्छ भनेर भ्रम फैलाए । गाउँदेखि सहरसमम देशमा बस्नु हुँदैन भन्ने छाप छोडियो । त्यही हल्लामा परेर अभिभावकले छोराछोरी विदेश पठाए ।

आफ्नो घर खेत बेचेर हुन्छ कि ऋण लिएर, अभिभावक छोराछोरीलाई विदेश पठाउनतिर केन्द्रित भए । म्यानपावर र कन्सल्टेन्सीको रणनीति जनताले बुझेनन् । सरकारले पनि कहिल्यै यस विषयमा गम्भीर भएन । सरकार एकातिर देशमा युवा रोकौं भन्छ, अर्कोतिर भटाभट एनओसी पनि बाँड्छ ।

सरकार नै दहीचिउरे भएपछि देश उमो लाग्छ ? सरकारकै कारणले आज देश युवाविहीन बन्न पुगेको हो । स्वदेशमै केही गर्नुपर्छ भनेर सरकारले कहिल्यै जनतालाई सिकाएन । न त्यो वातावरण नै बनायो । युवाहरूलाई विदेश लखेट्ने अनि आफ्नो मनमौजी चलाउनेतर्फ सरकार केन्द्रित भयो । जसको असर अबको केही वर्षमै देखिने छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान ब्युरोले अब म्यानपावर र कन्सल्टेन्सीमाथि डण्डा चलाउनुपर्छ । करोडौंलाई ठग्नेलाई लाख रूपैयाँ जरिवाना लिएर छोड्ने होइन, लगेर कोच्ने हो ।

म्यानपावर र कन्सल्टेन्सीले लाखौं रकम बुझ्छन् तर बिल दिँदैनन् । कतिपयसँग पैसा दिएको प्रमाण नै हुँदैन । म्यानपावर र कन्सल्टेन्सीले पहिले विदेश पठाउने सपना देखाउँछ, पैसा लिएपछि यति दुःख दिन्छ कि भनिसाध्य छैन । पैसा दिए पनि दिएको छैन भन्न बेर लगाउँदैनन् । प्रमाण नभएपछि प्रहरीकहाँ जाने बाटो पनि हुँदैन । २०५४ सालपछि नेपालमा विदेश जाने क्रम बढ्यो । अहिले दिनहुँ साढे दुई हजारले नेपाल छोड्छन् । त्यसमा धेरै भिजिट भिसामा गएका छन् । गृहमन्त्रीकै संलग्नतामा भिजिट भिसामा जनता विदेश पठाउने क्रम जारी छ । कन्सल्टेन्सी र म्यानपावरको सेटिङमा यो खेल चलिरहेको छ ।

हाल सदनमा भिजिट भिसामा विदेश भ्रमणमा पठाएको आरोप लागेका गृहमन्त्री रमेश लेखकमाथि छानबिनको माग गर्दै राप्रपा र रास्वपाले विरोध गरिरहेको छ । तर, छानबिन लेखकमाथि मात्र हुनुपर्ने कि अरुमाथि पनि ? २०५४ पछि गृहमन्त्री भएका हरेक नेतामाथि छानबिन हुनुपर्छ ।

किनकि, हरेकको त्यसमा संलग्नता छ । रास्वपाका सभापति रवि लामिछानेको पनि । उनको पालामा पनि हजारौं भिजिट भिसामा विदेश पुगेका छन् । भिजिट भिसामा ठगिएकाहरू कानुनको ढोका ढकढक्याउन जान सकेका छैनन् । किनकि, उनीहरूसँग कुनै प्रमाण नै छैन ।

प्रहरीले प्रमाणविना जाहेरी लिँदैन, अदालतले मुद्दा दर्ता गर्दैन । वैदेशिक रोजगारीको नाममा यति लुट छ ? बयान गर्न सकिँदैन । पीडित बन्नेको संख्या पनि उत्तिकै छ । विभागका महानिर्देशक दाहालले सार्वजनिक कार्यक्रममा कन्सल्टेन्सी अवैध रूपमा सञ्चालन भएको बताएका छन् । तर, ती कन्सल्टेन्सीलाई कारबाहीका लागि विभागले किन सरोकारवाला निकायलाई सिफारिस नगरेको ? प्रश्न उठेको छ । दर्ताविना चलेका कन्सल्टेन्सीलाई समात्नका लागि सिफारिस गरेर त्यस्ता कन्सल्टेन्सी बन्द गरेको भए सरकार हिरो हुन्थ्यो । दर्ता नगरिकन कन्सल्टेन्सी सञ्चालन गर्ने आँट त्यसपछि कसैले गर्दैनथ्यो ।

विदेश पठाउने नाममा ठग्नेहरू डराउँथे । हुन त यहाँ सरकारको नाटकचटक धेरै छ । घोषणा गर्ने, क्षणिकका लागि चर्चामा आउने तर उपलब्धि केही छैन । जसको एउटा उदाहरण यातायात क्षेत्रमा भएको सिण्डिकेट हो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले कसैले तोड्न नसकेको सिण्डिकेट तोड्यौं भनेर भाषण ठोके ।

**–अनुसा थापा, भक्तपुर**



**लायकू भैलनाच**
भक्तपुरको मध्यपुर थिमि लायकू दरबारमा बिहीबार बिहान ऐतिहासिक लायकू भैलनाच प्रदर्शन गरिँदै । बुधबार रातिबाट लायकू, दथुटोल, मरूटोल, बालकुमारी, इनायलाछि, दिगुटोल, चपाचोलगायतका क्षेत्रमा रातभरि नाच प्रदर्शनपछि बिहीबार बिहान लायकूमा आइपुगेर नाच प्रदर्शन गरिएको हो ।
*तस्बिरः रत्न श्रेष्ठ/रासस*

# सौर्यबत्तीले झिलीमिली भीमदत्तनगर



**दोधारा चाँदनी (कञ्चनपुर)–** कञ्चनपुरको भीमदत्त नगरपालिकाले नगरका मुख्य सडकमा सौर्यबत्ती जडान गरेपछि भीमदत्तनगर झिलीमिली भएको छ । पालिकाले सौर्यबत्ती जडान गरेपछि पूर्व-पश्चिम राजमार्ग र महेन्द्रनगर बजार झिलीमिली बनेको हो ।

नगर प्रवक्ता पदमराज अवस्थीले उज्यालो भीमदत्त बनाउने अभियानअनुसार पालिकाले पूर्व-पश्चिम राजमार्गमा ११५ वटा सडकबत्ती जडान गरेको जानकारी दिए । 'पहिलो चरणमा पूर्वपश्चिम राजमार्गको भासीबाट महेन्द्रनगर बजारसम्म ११५ वटा सौर्यबत्ती जडान गरिएका छन्,' उनले भने, 'दोस्रो चरणमा राजमार्गको गड्डाचौकीसम्म जडान गर्ने छौं ।'

प्रवक्ता अवस्थीले भीमदत्तलाई उज्यालो नगर बनाउने लक्ष्यअनुसार पालिकाले १९ वटै वडामा सडक सौर्यबत्ती जडान गर्ने तयारी गरेको बताए । उक्त सौर्यबत्ती जडानका लागि ६९ लाख ७४ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । पालिकाले दोस्रो चरणमा २२ लाख ८२ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेको छ । जसअन्तर्गत गड्डाचौकीबाट भुजेलासम्म ३० वटा सडकबत्ती जडान भइसकेका नगरपालिकाले जनाएको छ । नागरिकको सहजताका लागि राजमार्गको दुवैतर्फ सडकमा सौर्यबत्ती जडान गरिएको उनले बताए ।

एसियाली विकास बैंकको सहयोगमा क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत महेन्द्रनगर बजारलाई आधुनिकीकरण गरिएको हो । आयोजनाको पहिलो चरणअन्तर्गत एक अर्ब रूपैयाँ लगानीमा आधुनिक सडक निर्माणसँगै नगरक्षेत्रमा 'हाइमास्टलाइट' जडान गरिएको नगरका सबइञ्जिनियर पवन लेखकले जानकारी दिए ।

'नगरका मुख्य सडकमा ७७६ वटा लाइट जडान भएका छन्,' उनले भने, 'बजारमामात्रै आठवटा हाइमास्टलाइट जडान गरिएका छन् ।' उनले बजार सौन्दर्यीकरणका लागि गल्लीमा रहेका बिजुलीका खम्बा र टेलिफोनका तार गल्लीको पछाडि भागमा व्यवस्थित गर्न लागिएको बताए । राजमार्गसहित नगरका क्षेत्रमा बत्ती जडान भएपछि बिहानको समयमा क्याम्पस जाने विद्यार्थीलाई सहज भएको स्थानीय बताउँछन् । 'सडकमा अँध्यारो हुँदा आवतजावत समस्या हुन्थ्यो, बत्ती जडान भएपछि सहज भएको छ,' स्थानीय गणेश भट्टले भने, 'एकपटक जडान भएको बत्ती बिग्रेपछि बनाउन पालिकाले ध्यान दिनुपर्छ ।'

उनले सडकबत्तीले यहाँका नागरिकलाई रातिको समयमा आवागमनमा सहज भएको उल्लेख गरे । राजमार्ग क्षेत्रमा सडकबत्तीले झिलिमिली भएपछि विद्यार्थी र सवारीसाधनलाई यात्रा गर्न सहज हुनुका साथै दुर्घटनाको जोखिम कम भएको स्थानीय बताउँछन् । *रासस*

# बिपी क्यान्सर अस्पतालमा 'बोनम्यारो प्रत्यारोपण' तयारी

■ प्रभाव संवाददाता

**चितवन–** बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले बोनम्यारो प्रत्यारोपण गर्ने तयारी गरेको छ । यसका लागि चिनियाँ सात सदस्यीय टोली बिहीबार यहाँ आएको छ ।

अस्पतालमा बोनम्यारो प्रत्यारोपणका लागि चीन सरकारले भवन, आवश्यक उपकरण र जनशक्ति व्यवस्थापनमासमेत सहयोग गर्दै छ । नेपाल सरकार र चीन सरकारकाबीचमा यससम्बन्धी सम्झौता भइसकेको छ । अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलका अनुसार बिहीबार आएको विज्ञ टोलीले अस्पतालका बोनम्यारो प्रत्यारोपण गर्नका लागि आवश्यक पर्ने अन्य सहायक विभागको अध्ययन गर्ने छ ।



सघन उपचार कक्ष, रेडिएसन अंकोलोजी, प्रयोगशाला, मेडिकल अंकोलोजी लगायतका विभागको अहिलेको अवस्था र यसबाट बोनम्यारो प्रत्यारोपणमा हुनसक्ने सहयोगका बारेमा टोलीले अध्ययन गर्ने छ । कार्यकारी निर्देशक डा. पौडेलका अनुसार चीनबाट नियमित रूपमा यहाँ आउने चिकित्सक टोलीको यस अघिको १५औं टोलीका प्रमुख चाहु क्वीमिंगको नेतृत्व सातजना विज्ञ चिकित्सक सहभागी छन् । चिनियाँ टोलीलाई बिहीबार अस्पतालमा स्वागत गर्दै सञ्चालक समितिका अध्यक्ष डा. विजय न्यौपानेले यथाशक्य छिटो काम सम्पन्न गरेर बिरामीलाई सेवा दिने वातावरण निर्माण गरिदिन आग्रह गरे ।

उनले यसै आर्थिक वर्षभित्र काम सुरु गर्न आग्रहसमेत गरे । क्यान्सर अस्पतालकोमात्रै नभएर नेपाल सरकारकै कार्यक्रम भएकाले समयमा नै काम हुनेमा विश्वस्त हुँदै उनले अस्पतालका तर्फबाट गर्नुपर्ने सहयोगमा आफूहरू सधैं तत्पर रहेको जानकारी दिए ।

सो अवसरमा टोली नेता क्वीमिंग र अहिले क्यान्सर अस्पतालमा रहेका १६औं चिनियाँ चिकित्सक टोलीका प्रमुख (टिम लिडर) यान ल्याङले बोनम्यारो प्रत्यारोपणको पूर्वतयारीस्वरूप सम्बन्धित विभागमा रहेर पाँच दिनसम्म अध्ययन अवलोकन र अन्तर्क्रिया गरिने बताए ।

